# गुर्भाकोट नगरपालिकाको शिक्षा ऐन, २०७४ दोस्रो संसोधन विधेयक, २०८१

१६ औ नगर सभा मिति २०८१।१०।१० गतेको बैठकवाट पारित

१. मूल ऐनको दफा २ को उपदफा (स) पछि (श) थप गरी  तोकिएबमोजिम भन्नाले नगर कार्यपालिकाले वनाएको नियमावली वा कार्यविधि वा निर्देशिकामा तोकिएबमोजिम सम्झनुपर्छ ।

२. मूल ऐनको दफा २५ को उपदफा १ को पछि (क) थप गरी सामुदायिक विद्यालयको शैक्षिक, प्रशासनिक र ब्यवस्थापकीय कार्यको लागि प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको ब्यवस्था हुनेछ ।प्रधानाध्यापक विद्यालयको प्राज्ञिक तथा ब्यवस्थापकीय प्रमुख हुनेछ भनी संसोधन गर्ने।

३. मूल ऐनको दफा २५ को उपदफा १ को पछि (ख) थप गरी दफा १ (क) बमोजिमको प्रधानाध्यापक छनौट, नियुक्ति तथा पदब्यवस्थापन नगरपालिका भित्रका योग्यता पुगेका सबै स्थायी शिक्षक उम्मेद्वार हुने गरी नगरपालिकाले खुला प्रतिष्पर्धाद्वारा गर्नेछ ।भन्ने बाक्य राख्ने ।

४. मूल ऐनको दफा २५ को उपदफा १ को पछि (ग) थप गरी दफा १ (ख) बमोजिमको खुला प्रतिष्पर्धाको लागि सबै सामुदायिक विद्यालयमा एकै पटक वा चरणबद्ध रुपमा वा पटक पटक गरी सूचना प्रकाशन गर्नेछ ।तर यो दफा प्रारम्भ भएको पहिलो पटकका लागि नगरपालिकामा रहेका सबै विद्यालयको लागि आवश्यक प्रधानाध्यापकको लागि एकै पटक सूचना प्रकाशन गर्नु पर्नेछ ।तर यस अघि तोकिएको योग्यता पुगी प्रचलित कानुन बमोजिमको प्रकृया पुरा गरी नियुक्त प्रधानाध्यापक पदावधि बाँकी रहेको अवधि सम्मका लागि यस प्रकृयावाट छनौट भएको मानिनेछ । भन्ने बाक्य थप गर्ने।

५. मूल ऐनको दफा २५ को उपदफा १ को पछि (घ) थप गरी दफा १ (ग) बमोजिमको खुला प्रतिष्पर्धाको लागि लिखित परीक्षा, शैक्षिक योग्यता, शिक्षण अनुभव, तालिम र शैक्षिक उपलब्धी, अन्तरवार्ता र विद्यालय विकास प्रस्तावको मूल्यांकन वापत एक सय पूर्णाङ्क हुनेछ । अंक विभाजनका आधार तथा पाठ्यक्रम तोकिएबमोजिम हुनेछ । अन्तरवार्ता वापतको अंक विभाजन गर्दा महिला, दलित तथा अपाङ्गता भएका उम्मेद्वारहरुलाई प्राथमिकता दिने गरी गर्नुपर्नेछ । भन्ने बाक्य थप गर्ने।

६. मूल ऐनको दफा २५ को उपदफा १ को पछि (ङ) थप गरी दफा १ (घ) बमोजिमको खुला प्रतिष्पर्धाको लागि तोकिएबमोजिमको पाठ्यक्रमको आधारमा दफा २ बमोजिमको प्रधानाध्यापक छनौट समितिले लिखित तथा मौखिक परीक्षा एवं विद्यालय विकास प्रस्तावको मूल्यांकन गरी प्रधानाध्यापक नियुक्तिका लागि आधारभुत तह कक्षा (१-५), आधारभुत तह कक्षा (१-८) र माध्यमिक तह कक्षा (१-१०) वा कक्षा (१-१२)  का लागि छुट्टा छुट्टै योग्यताक्रम निर्धारण गरी नियुक्तिका लागि नगरपालिकामा सिफारिस गर्नेछ । त्यसरी सिफारिस प्राप्त भएपछि नगरपालिकाले योग्यताक्रमको प्राथमिकताका आधारमा विद्यालय रोज्न

लगाइ रोजाइका प्राथमिकताका आधारमा योग्यताक्रम अनुसार प्रधानाध्यापक नियुक्ति गर्नेछ ।

७. मूल ऐनको दफा २५ को उपदफा १ को पछि (च) थप गरी दफा १ (ङ) बमोजिम नियुक्त प्रधानध्यापकलाई नगरपालिकाले नतिजामूलक सूचकका आधारमा करार सम्झौता गरी कामकाजमा पदब्यवस्थापन गरिनेछ । प्रधानाध्यापक नियुक्ति हुने शिक्षक आफु कार्यरत विद्यालय भन्दा अन्य

८. विद्यालयमा पदब्यवस्थापन गर्नुपर्ने भएमा पदाधिकार रहेको विद्यालयमा नै दरवन्दी रहने गरी कामकाजमा पदब्यवस्थापन गरिनेछ । त्यसरी पदव्यवस्थापन गर्नुपर्ने विद्यालयमा रहेको सम्वन्धित तह एबं विषयको स्थायी दरवन्दी वा राहत अनुदान वा शिक्षण सिकाइ अनुदान कोटा वा उक्त कोटामा कार्यरत शिक्षकलाइ सम्भव भए सम्म साविककै विद्यालयमा दरवन्दी रहने गरी नियुक्त प्रधानाध्यापकको पदाधिकार रहेको विद्यालयमा निज प्रधानाध्यापक पदमा कार्यरत रहुन्जेल सम्मका लागि कामकाजमा खटाउने गरी दरवन्दी मिलान गरिनेछ ।

९. मूल ऐनको दफा २ को उपदफा (क) र (ख)लाई देहायबमोजिम संसोधन गरी दहायबमोजिम (क) कायम गर्ने:

- दफा १ बमोजिमको प्रधानाध्यापक पदमा आबेदन दिनका लागि देहायबमोजिमको शैक्षिक योग्यता हुन आवश्यक छ :
- आधारभुत तह कक्षा (१-५) का लागि मान्यताप्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्वन्धित तहमा १० वर्ष स्थायी सेवा गरेको, सम्वन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको र विगत दुई वर्षदेखि कुनै पनि विभागिय सजाय नपाएको, आधारभुत तह कक्षा (१-८) का लागि मान्यताप्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, सम्वन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको र विगत दुई वर्षदेखि कुनै पनि विभागिय सजाय नपाएको, माध्यमिक तह (१-१०) वा कक्षा (१-१२) का मान्यताप्राप्त शिक्षण संस्थावाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, सम्वन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको र विगत दुई वर्षदेखि कुनै पनि विभागिय सजाय नपाएको हुनुपर्नेछ।

१०. मूल ऐनको दफा २ को उपदफा (ख) पछि देहायबमोजिम (ख) थप गर्ने :

- दफा १ बमोजिमको प्रधानाध्यापक छनौट तथा सिफारिस गर्नका लागि देहायबमोजिमको प्रधानाध्यापक छनौट समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | शिक्षाविदहरु मध्येवाट कार्यपालिकावाट मनोनित विज्ञ २ जना | सदस्य |
| ३. | प्रशासन शाखाको प्रमुख | सदस्य |
| ४. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

शिक्षाविद मनोनित गर्दा स्नातकोत्तर तह उत्तीर्ण गरी माध्यमिक तह द्वितीय श्रेणी वा विश्वविद्यालयमा उपप्रध्यापक, सह प्रध्यापक र प्रध्यापक पदमा स्थायी तथा शिक्षा प्रशासन क्षेत्रमा अधिकृत स्तरमा कम्तिमा दश वर्ष अनुभव हासिल गरेको वा राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा भएको ब्यक्तिहरुमध्येवाट मनोनित गर्नुपर्नेछ । माथिका बाहेक कुनै विज्ञ आवश्यक भएमा समितिले बैठकमा आमन्त्रण गरिनेछ ।

- छनोट समितिको काम कर्तब्य र अधिकार एवं बैठक सञ्चालन कार्यविधि एबं छनोट प्रकृया तोकिएबमोजिम हुनेछ ।

११. मूल ऐनको दफा २ को उपदफा (ग) खारेज गर्ने :

१२. मूल ऐनको दफा २ को उपदफा (ङ) को बृहत्तर हित गर्नु का पछाडी तथा तोकिए बमोजिमको जिम्मेवारी तथा दायित्व बहन भन्ने बाक्य थप गर्ने

१३. मूल ऐनको दफा २ को (च) मा पेश गरेको कार्ययोजना बमिजमको ठाँउमा करार सम्झौतामा तोकिएबमोजिम भन्ने शब्द राख्ने

१४. मूल ऐनको दफा २ को (च) पछि देहायको (छ) थप गर्ने

- प्रत्येक प्रधानाध्यापकको नियुक्ति भएको मितिले एक वर्ष पछिको कार्यसम्पादन करार सम्झौता बमोजिम न्युनतम पचास प्रतिशत हुन नसकेमा निजलाई फिर्ता गरी बैकल्पकि सूचीमा रहेको उम्मेद्वारलाई नियुक्ति तथा पदब्यवस्थापन गरिनेछ ।प्रत्येक ५ वर्ष पछि तोकिएबमोजिमको पद परीक्षण योग्यता उत्तीर्ण गर्नुपर्नेछ ।

१५. मूल ऐनको दफा २ को (च) पछि देहायको (ज) थप गर्ने

१६. प्रधानाध्यापकलाई कार्यसम्पादनका आधारमा थप प्रोत्साहन भत्ता तथा मासिक प्रोत्साहन भत्ता भौगोलिक विकटतालाई मध्यनजर गरी तोकिएबमोजिम प्रदान गर्न सकिनेछ ।

१७. मूल ऐनको दफा २ को (च) पछि देहायको (झ) थप गर्ने

- विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुमध्ये वरिष्ठतम शिक्षकलाई प्रधानाध्यापकले सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

१८. मूल ऐनको दफा ६६ को उपदफा (१४) पछि देहायको (१५) थप गर्ने

- सामुदायिक विद्यालयको प्रधानाध्यापक नियुक्ति सम्वन्धी योग्यता, पाठ्यक्रम तथा आधार एबं मापदण्ड तथा प्रधानाध्यापक कामकाज तथा पदब्यवस्थापन र दरवन्दी मिलान थप गर्ने

१९. मूल ऐनको दफा ६६ को उपदफा (१४) पछि देहायको (१६) थप गर्ने

- कक्षा ८ को परीक्षा सञ्चालन तथा ब्यवस्थापन

आज्ञाले

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

इति सम्वत २०८१ साल फागुन २५ गते रोज १ शुभम्.................................................................।